प्रथममा  यस बुलेटिनका प्रमुख समाचारहरु :

1) भारतीय जनता पार्टी का नेता नितिन नविनल द्वारा राष्ट्रिय अध्यक्ष्य को पदभार ग्रहण

2) प्रवर्तन निदेशालय द्वारा आज धन शोधन निवारण अधिनियम 2002 अन्तर्गत केरल, तमिलनाडु र कर्नाटकमा 21 ठाउँमा छापामारी

3) विकसित राष्ट्र बनाउने लक्ष्यमा स्वास्थ्य सेवालाई केन्द्रबिन्दु बनाएर महत्वाकांक्षी कदम उठाइरहेको केंद्रीय स्वास्थ्य अनि परिवार कल्याण राज्य मंत्री को भनाइ अनि

4) खेलो इन्डिया शीतकालीन खेलको छैटौं संस्करण केन्द्र शाशित प्रदेश लेहमा आज देखि शुरु

नितिन नविन :

भारतीय जनता पार्टी का नेता नितिन नबीनले आज देखि  राष्ट्रिय अध्यक्षको पद भार ग्रहण गर्नुभएको छ  । नयाँ दिल्लीमा भएको संगठन पर्वको अवसरमा पार्टीको राष्ट्रिय रिटर्निंग अधिकारी डा. के. लक्ष्मणले उनको नामको घोषणा गरेका हुन्।

भाजपा वरिष्ठ नेता र प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय मन्त्री अमित शाह, राजनाथ सिंह, जे पी नड्डा र नितिन गडकरीले नबीनलाई बधाई दिनुभएको छ । नवनिर्वाचित राष्ट्रिय अध्यक्ष नितिन नबीनले अध्यक्ष पदमा पुग्ने अवसर दिनुभेकोमा  प्रधानमन्त्री मोदी अनि भाजपाका अन्य वरिष्ठ नेतृत्वलाई  धन्यवाद दिनुभएको छ

प्रधानमन्त्री नरेन्द्र मोदीले नबीनलाई बधाई दिंदै भाजपा विश्वकै सबैभन्दा ठूलो पार्टी भएको बताउनुभएको छ  उहाँले नयाँ स्ध्यक्षाले पार्टीको विरासतलाई अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो , उहाँले भन्नुभयो

नितिन नबीनले देशमा ठूलो आर्थिक, सामाजिक र प्राविधिक परिवर्तन देखेका छन् र उनमा युवा  ऊर्जा र संगठनको कार्यको व्यापक अनुभव छ जसले पार्टीका प्रत्येक कार्यकर्ताका लागि उपयोगी हुनेछ।

श्री मोदीले भन्नुभयो जनसेवा भारतीय जनता पार्टी को सधैं सर्वोच्च प्राथमिकता रहेको छ । भाजपामा पद होइन प्रक्रिया महत्वपूर्ण हुने  र अध्यक्षहरु बदलिए पनि आदर्श नबदलिने बताएका छन्

प्रवर्तन निदेशालय (ईडी) को छापामारी

2) प्रवर्तन निदेशालयले आज धन शोधन निवारण अधिनियम 2002 अन्तर्गत केरल, तमिलनाडु र कर्नाटकमा 21 ठाउँमा छापामारी गरेको छ। यो छापामारी सबरीमला मन्दिरसँग सम्बन्धित सुन र अन्य मन्दिर सम्पत्तिको गबनको सम्बन्धमा चलाइएको हो।ईडीले चेन्नई र कर्नाटकमा निजी संयंत्रहरुमा रासायनिक प्रक्रियाहरु मार्फत सुन निकालिएको जसबाट अपराधको आय प्राप्त भएको थियो। ईडीले यो धनको पत्ता लगाउन, यो धनबाट लाभान्वित व्यक्तिहरुको पहिचान गर्न, आपत्तिजनक दस्तावेज र डिजिटल साक्ष्य जब्त गर्न तथा धन शोधनको पत्ता लगाउन तलाशी अभियान चलाएको छ।सबरीमलामा अन्य वित्तीय अनियमितता र घोटालाहरुको पनि संकेत मिलेको छ, जसमा मन्दिरमा चढावा र अनुष्ठानसँग सम्बन्धित धनको दुरुपयोग पनि समावेश छ।

स्वास्थ्य मन्त्रि को भनाइ

केंद्रीय स्वास्थ्य और परिवार कल्याण राज्य मंत्री अनुप्रिया पटेलले भारतलाई आगामी 25 वर्षमा एक विकसित राष्ट्र बनाउने लक्ष्यमा स्वास्थ्य सेवालाई केन्द्रबिन्दु बनाएर महत्वाकांक्षी कदम उठाइरहेको बताउनुभएको छ । पुद्दुचेरी स्थित जवाहरलाल स्नातकोत्तर चिकित्सा शिक्षा और अनुसंधान संस्थानको 14औं दीक्षांत समारोहमा बोल्दै उनले मोदी सरकार सार्वभौमिक स्वास्थ्य सेवाको लक्ष्यलाई साकार पार्न निरन्तर प्रयास गरिरहेको बताइन्।उनले स्वास्थ्य सेवामा निरन्तर nirantar सुधार गर्दै जनताको स्वास्थ्य र कल्याणलाई प्राथमिकता दिने सरकारको प्रतिबद्धता दोहोर्याउनु भयो ।

स्वास्थ्य मन्त्रि को यो भनाइले देशको स्वास्थ्य सेवामा सुधार गर्ने र जनताको स्वास्थ्यलाई प्राथमिकता दिने सरकारको प्रयासलाई उजागर गर्दछ। उहाँले दीक्षांत समारोहमा उपस्थित विद्यार्थीहरु र शिक्षकहरुलाई स्वास्थ्य सेवामा नयाँ सोच र दृष्टिकोण अपनाउन प्रेरित गरिन्।

Gong

मनेका गान्धी – उच्चतम न्यायालयले

आज उच्चतम न्यायालयले पूर्व केन्द्रीय मंत्री मनेका गाँधीको बेवारिशे कुकुरको मुद्दामा शीर्ष अदालतको आदेशको आलोचना गर्ने टिप्पणी सम्बन्धमा असन्तुष्टि व्यक्त गरेको छ। न्यायालयले यो अदालतको अवमानना हो भनि बताएको छ। न्यायाधीश विक्रम नाथ, सन्दीप मेहता र एन.वी. अन्जारियाको बेन्चले पूर्व मन्त्रीले बिना सोच विचार सबैको विरुद्धमा हरेक प्रकारको टिप्पणी गरेकी छन् भनी बताएको छ।

यसअघि, गत 13 जनवरीमा, शीर्ष अदालतले बेवारिशे कुकुरको टोकाईका घटनाहरुमा राज्यले  भारी क्षतिपूर्ति दिने र यस्ता घटनाहरुमा कुकुरलाई खाना खुवाउनेहरुलाई उत्तरदायी ठहराउने बताएको थियो। न्यायालयको बेन्चले बेवारिश कुकुरलाई खुवाउनेहरुलाई उत्तरदायी बनाउने टिप्पणी व्यंग्यात्मक नभई गम्भीर नोटमा गरिएको हो भनि बताएको छ।

नक्कली एस एम एस

सरकारले आज भारत पोस्टको नाममा पठाइएको संदेशलाई फटकार लगाएको छ, जसमा मानिसहरुलाई आफ्नो ठेगाना अद्यावधिक गर्न आग्रह गरिएको थियो। प्रेस सूचना ब्यूरो (पीआईबी) को तथ्य जाँच इकाईले यस संदेशलाई नक्कली बताएको छ। पीआईबीले स्पष्ट पारेको छ कि भारत पोस्टले कहिल्यै पनि पत्ता अद्यावधिक गर्न आग्रह गर्दैन। यस्ता संदेशहरु नक्कली हुन्छन् र यस्ता दुर्भावनापूर्ण लिंकहरुमा क्लिक नगर्न र यस्ता संदेश बाट सचेत रहन  सर्वसाधारण लाईअनुरोध गरेको छ

डाक बिभाग

भारत सरकारको डाक विभागले देशभरमा 887 एटीएम सक्रिय गरेर आफ्नो एटीएम ढांचा लाइ आधुनिकीकरण गरेको छ। यी एटीएमहरु विभिन्न डाकघरहरुमा स्थापित भएका छन् र नागरिकहरुलाई घरको नजिकै बुनियादी बैंकिंग सेवाहरु प्रदान गर्दैछन्। यी एटीएमहरु विशेष गरी ग्रामीण र वंचित क्षेत्रमा बस्ने मानिसहरुका लागि लाभदायक प्रमाणित  भइरेका छन्, जसले सरकारको वित्तीय समावेशीकरण र डिजिटल परिवर्तनको दृष्टिकोणलाई समर्थन गर्दछ। यी एटीएमहरु मार्फत ग्राहकहरुले सहजै नगद निकासी गर्न, खाता, बचत  जांच गर्न र अन्य बुनियादी बैंकिंग लेनदेन गर्न सक्छन्। डाक विभागले यी एटीएमहरुको सेवाहरुको प्रयोग गर्न सबै नागरिकहरुलाई प्रोत्साहित गरेको छ,

अन्तराष्ट्रिय समाचार

पाकिस्तानको कराचीमा भएको शॉपिङ प्लेजा आगलागीमा मृतकको संख्या 28 पुगेको छ भने 80 भन्दा बढी जना अझै लाइका रहेका छन्।  बचाव अभियान अझै जारी रहेको बतैएको छ । अहिले सम्म  18 वटा मृतक को  पहिचान गरिसकिएको र अन्यको पहिचानको लागि डीएनए परीक्षण गरिरहेको बताइएको छ ।

आगलागी शॉपिङ प्लेजाको बेसमेन्टमा रहेको एउटा दोकानमा भएको थियो र छिट्टै सम्पूर्ण भवनमा फैलिएको थियो।  बचाव अभियानमा पाकिस्तानी सेना, रेंजर र सिविल प्रशासन संयुक्त रूपले खोजी अभियान चलाइरहेका छन्।

**अब खेल प्रसंग :**

- **लेहमा खेलो इन्डिया शीतकालीन खेलको छैटौं संस्करण सुरु भएको छ, जसको उद्घाटन उपराज्यपाल कविंदर गुप्ताले गरेका छन्। यो खेलमा 21 राज्य र केन्द्र शासित प्रदेशका 1000 भन्दा बढी खेलाडीहरु भाग लिरहेका छन्, यो संस्करण 20 जनवरीदेखि------ 27 जनवरीसम्म चल्नेछ यो खेलले भारतमा शीतकालीन खेललाई प्रोत्साहन गर्ने र युवा खेलाडीहरुलाई प्रेरित गर्ने उद्देश्य राखेको छ।**

- **महिला क्रिकेट प्रेमिएर लीग 2026 अन्तेर्गत अहिले साँझ कोटंबी स्टेडियम , वडोदरामा एक रोमांचक खेल दिल्ली कैपिटल्स को भिडन्त मुंबई इंडियंससँग हुँदैछ। यो खेल अहिले साढे सात बजे सुरु हुने बताइएको छ**

**अब अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

**1) भारतीय जनता पार्टी का नेता नितिन नविन द्वारा राष्ट्रिय अध्यक्ष्य को पदभार ग्रहण**

**2) प्रवर्तन निदेशालय द्वारा आज केरल, तमिलनाडु र कर्नाटकमा छापामारी**

**3) विकसित राष्ट्र बनाउने लक्ष्यमा स्वास्थ्य सेवालाई केन्द्रबिन्दु बनाएर महत्वाकांक्षी कदम उठाइरहेको केंद्रीय स्वास्थ्य अनि परिवार कल्याण राज्य मंत्री को भनाइ**

**अनि**

**4) खेलो इन्डिया शीतकालीन खेलको छैटौं संस्करण केन्द्र शाशित प्रदेश लेहमा आज देखि शुरु**

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**